# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं।

मितिः २०८२।०२।२५ गते।

## <u>प्रेस विज्ञप्ति</u>

**विषयः- नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेल, तत्कालीन प्रमुख व्यावसायिक अधिकृत (हाल प्रबन्ध निर्देशक) संगिता पहाडी तथा AsiaInfo Yunghang Software (Beijing) Limited, China समेतका १८ जना उपर नेपाल दूरसञ्चार कम्पनी लिमिटेड/सार्वजनिक संस्थाको <u>सम्पत्ति हिनामिना हानी नोक्सानी गरी गराई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।</u>**

नेपाल दुरसञ्चार कम्पनी लिमिटेडका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेल समेतले नेपाल टेलिकमको विलिङ्ग सिस्टम अपग्रेड गर्ने कार्यमा मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मिति 21st December 2011(२०६८।०९।०६ गते) मा नेपाल दुरसञ्चार कम्पनी लिमिटेड र AsiaInfo Linkage Technologies (China) Inc.(ठेक्का नं. NDCL/30/066-67) बीच सम्झौता भई Convergent Real-Time Billing & Customer Support(CRTB&CS) विलिङ्ग प्रणालीको खरिद गर्नुको उद्देश्य नेपाल टेलिकमले प्रदान गरी रहेका GSM मोबाइल, फाइबर, इन्टरनेट, लिज्ड लाइन, वाइरलाइन/वायरलेस ब्रॉडब्यान्ड) आदि दुरसञ्चार सम्बन्धि सेवाहरुको बिलिङ विभिन्न प्लेटफर्मबाट विद्युतीय माध्यमवाट संचालन भई रहेको प्रणालीलाई एउटै प्लेटफर्ममा एकिकृत गर्ने, रियल-टाइम बिलिङ गरी तुरुन्तै शुल्क गणना र अपडेट गर्ने उद्देश्य रहेको, उक्त ठेक्का नं. NDCL/30/066-67 खरिद सम्बन्धी मूल सम्झौताको Clause No.1.8.5 बमोजिम warranty Completion certificate(WCC) जारी भए पश्चात Annual Maintenance Contract (AMC) सेवा ६ वर्ष सम्मलाई लिन सकिने र Annual Maintenance Contract(AMC) लिने दिने कार्य गर्दा ५% प्रतिशतको घट्दो दरमा भुक्तानी गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको, उल्लिखित संझौताका शर्तहरु पहिले देखिनै संझौताकारी पक्ष सँग भए गरेको जानी जानी प्रतिवादीहरुले बदनियत राखि उक्त वार्षिक ५% छुट सहितको AMC सेवाको प्रावधान प्रतिकूल हुने गरी आपूर्तिकर्ता AsiaInfo सँग अस्वाभाविक मूल्य कायम गरी गराई जम्मा USD 20,563,000.00 (अमेरिकी डलर दुई करोड पाँच लाख त्रिसठी हजार मात्र) रकममा AMC सेवा खरिद गर्ने गरी सम्झौता गरे गराएको, उक्त कार्य गर्दा गराउँदा नेपाल टेलिकम/सार्वजनिक संस्थालाई भएको हानी नोक्सानी सहितको विवरण निम्न **तालिका नं.१ बमोजिम रहेको छ।**

## तालिका नं.१

## हिनामिना हानिनोक्सानी गरेको विगो

| Column 1 | Column 2 | Column 3 | Column 4 | Column 5 | Column 6 | Column 7 | Column 8 |
|---|---|---|---|---|---|---|---|
| | | 1st Year of 5 years | 2nd Year of 5 years | 3rd Year of 5 years | 4th Year of 5 years | 5th Year of 5 Years | |
| Year | **20th Sep 2021- 19th Sep 2022** | **20th Sep 2022- 19th Sep 2023** | **20th Sep 2023- 19th Sep 2024** | **20th Sep 2024- 19th Sep 2025** | **20th Sep 2025 19th Sep 2026** | **20th Sep 2026 19th Sep 2027** | Total Discounted Amount |
| | USD | (5% discount of Column 2 AMC amount USD) | (5% discount of Column 3 AMC amount USD) | (5% discount of Column 4 AMC amount USD) | (5% discount of Column 5 AMC amount USD) | (5% discount of Column 6 AMC amount USD) | |
| **Year II AMC Amount USD** | 35,86,569.07 | 34,07,241 | 32,36,879 | 30,75,035 | 29,21,283 | 27,75,219 | 1,54,15,655.6 |
| supplimentery Contract 7A Amount USD | 60,476.85 | 57,453.01 | 54,580.36 | 51,851.34 | 49,258.77 | 46,795.83 | 2,59,939.31 |
| supplimentery Contract 10A Amount USD | 88,592.43 | 84,162.81 | 79,954.67 | 75,956.93 | 72,159.09 | 68,551.13 | 3,80,784.633 |
| मूल सम्झौताको Clause No.1.8.5 बमोजिम बार्षिक ५% छुटको प्रावधान बमोजिम AMC सेवा खरिद गर्दा हुने भुक्तानी रकम USD | | | | | | | **1,60,56,379**.50 |
| बदनियत राखी एकमुष्ठ (4+1)= 5 बर्षको AMC लागि भुक्तानी हुने सम्झौता रकम USD | | | | | | | **1,85,00,000.00** |
| जम्मा हिनामिना हानिनोक्सानी भएको रकम (Difference) USD | | | | | | | **(24,43,620.50)** |

माथि तालिका नं. १ मा विस्तृत विश्लेषण गरीए वमोजिम मूल सम्झौताको प्रावधान अनुसार सम्झौतामा उल्लिखित वार्षिक AMC वापतको रकम USD 3,472,056.54 रहेकोमा नेपाल टेलिकमले Second Year AMC सेवा खरिद गर्दा ४ वटा पूरक सम्झौताहरु समेत समावेश गरी वार्षिक USD 3,586,569.07 मा AMC सेवा खरिद गरेको देखिन्छ। त्यसैगरी Second Year Extended AMC पश्चात खरिद भएको २ वटा पूरक सम्झौताहरु(supplimentery Contract 7 &10) समेत थप गरी वार्षिक रुपमा छुट सहितको ५ वर्षको AMC सेवा खरिद गर्दा नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिको ९१८ औ बैठक (मिति २०७८ अशोज ६ गते बुधबार) को आधारमा USD 16,056,379.5 लाग्नु पर्नेमा नेपाल टेलिकमले एकमुष्ट ४+१ वर्षको सम्झौता गर्दा USD 20,563,000.00 मध्ये New Features र Training को रकम वाहेक AMC वापत USD 18,500,000 रकम लागेको देखिएकोले कम्पनीलाई USD 2,443,620.5(रु.३३,४८,१७,४३०।०७) रकम हिनामिना हानिनोक्सानी गरे गराएको देखिन्छ।

माथि तालिका नं. १ मा विस्तृत विश्लेषण गरिए बमोजिम प्रतिवादीहरु नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका तत्कालीन प्रवन्ध निर्देशक सुनिल पौडेल, तत्कालीन प्रमुख व्यावसायिक अधिकृत हालको प्रबन्ध निर्देशक संगीता पहाडी, तत्कालीन प्रमुख प्रावधिक अधिकृत प्रतिभा बैद्य, प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय, , निर्देशक विनिता श्रेष्ठ, निमित्त निर्देशक अमुल प्रधान, प्रवन्धक देवेन्द्र खतिवडा, उपप्रवन्धकहरु राजीव कुमार के.सी, सन्तोष कुमार श्रेष्ठ, नवल चौधरी, मुक्ति प्रसाद अर्याल, हेमप्रभा राम प्रताप कर्ण, परमात्मा भट्टराई र AsiaInfo-Linkage Technologies (China) Inc. (Currently AsiaInfo Yunghang Software (Beijing) Limited) तथा उक्त कम्पनीका Senior Director Long Yong, CRBT&CS Project Office, Kathmandu का तत्कालीन Operation/Project Manager Mr. Huang Wei (Yellow) र Local Agent Arniko International Pvt. Ltd. को Director शैलेस श्रेष्ठको आपसी मिलोमतो तथा योजनामा आफूहरुलाई लाभ र नेपाल टेलिकम लिमिटेड/सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याउने वदनियतले गैरकानूनी तवरवाट मूल सम्झौताको प्रावधान बमोजिम AMC सेवामा बार्षिक ५% छुट नलिई सो प्रावधानको प्रतिकूल हुने गरी Annual Maintenance Contract वापत USD18,500,000 (New Features र Training सहित USD 20,563,000.00) अस्वाभाविक मूल्यमा एकमुष्ट ४+१ वर्षको सम्झौता गरी कार्यान्वयन गरी गराई हालसम्म भुक्तानी भएको रकम रू.९,८८,४१,९५६।८५(USD 728,308.49) र 8th January 2023 को सम्झौता बमोजिमको नेपाल टेलिकमलाई दायित्व सृजना भईसकेको विगो रू.२३,५९,७५,४७३।२२ (USD 17,15,312.01) गरी जम्मा रु.३३,४८,१७,४३०।०७ (USD 24,43,620.50) रकम हिनामिना हानिनोक्सानी गरे गराएको प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा उल्लिखित कसुरजन्य कार्यमा संलग्न प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागवादी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

# देहाय

| क्र.स | प्रतिवादीहरुको नाम थर पद र कार्यालय | विगो | कसूर तथा सजायको मागदावी |
|---|---|---|---|
| १ | **नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका तत्कालीन प्रवन्ध निर्देशक सुनिल पौडेल** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको।<br>साथै, निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित माग दाबी बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिईएको। |
| २ | **तत्कालीन प्रमुख व्यावसायिक अधिकृत (हाल प्रबन्ध निर्देशक) संगीता पहाडी भन्ने संगिता अर्याल** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ३ | **तत्कालीन प्रमुख प्राविधिक अधिकृत प्रतिभा बैद्य भन्ने प्रतिभा श्रेष्ठ** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ४ | **तत्कालीन प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ५ | **तत्कालीन प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | | | २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ६ | **तत्कालीन निर्देशक विनिता श्रेष्ठ** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ७ | **तत्कालीन निमित्त निर्देशक अमूल प्रधान** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ८ | **तत्कालीन प्रवन्धक देवेन्द्र खतिवडा** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| ९ | **तत्कालीन उप-प्रबन्धक राजीव कुमार के.सी** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| १० | **तत्कालीन उप-प्रबन्धक सन्तोष कुमार श्रेष्ठ** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |

| | | | |
|---|---|---|---|
| ११ | **तत्कालीन उप-प्रबन्धक नवल चौधरी** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| १२ | **तत्कालीन उप-प्रबन्धक मुक्ति प्रसाद अर्याल** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| १३ | **तत्कालीन उप-प्रबन्धक हेमप्रभा कर्ण भन्ने हेमप्रभा रामप्रताप कर्ण** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| १४ | **तत्कालीन उप-प्रबन्धक परमात्मा भट्टराई** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD 24,43,620.50)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५((USD 728,308.49) प्रतिवादीवाट असुल उपर हुन मागदावी लिईएको। |
| १५ | **AsiaInfo Yunghang Software (Beijing) Limited (Formerly AsiaInfo-Linkage Technologies (China) Inc.), AsiaInfo Yunghang Software (Beijing) Limited को AMC with upgrade को सम्झौतामा संलग्न Senior Director Long Yong** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | प्रतिवादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५ (USD ७२८,३०८.४९) मुख्य कसूरदारहरुवाट असुल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश वमोजिम प्रतिवादीलाई मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको। |
| १६ | **AsiaInfo Yunghang Software (Beijing) Limited (Formerly AsiaInfo-Linkage** | रु.३३,४८,१७,४३०.०७ | प्रतिवादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ |

| | | | |
|---|---|---|---|
| | **Technologies (China) Inc.), AsiaInfo Yunghang Software (Beijing) Limited को CRBT&CS Project Office, Kathmandu का तत्कालीन Operation/Project Manager Mr. Huang Wei (Yellow)** | (USD २४,४३,६२०.५०)) | लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५ (USD ७२८,३०८.४९) मुख्य कसूरदारहरुवाट असुल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश वमोजिम प्रतिवादीलाई मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको |
| १७ | **AsiaInfo Yunghang Software (Beijing) Limited (Formerly AsiaInfo-Linkage Technologies (China) Inc.), AsiaInfo Yunghang Software (Beijing) Limited को Local Agent Arniko International Pvt. Ltd. को Director शैलेस श्रेष्ठको हकमाः** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | प्रतिवादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५ (USD ७२८,३०८.४९) मुख्य कसूरदारहरुवाट असुल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश वमोजिम प्रतिवादीलाई मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको |
| १८ | **AsiaInfo Yunghang Software (Beijing) Limited (Formerly AsiaInfo-Linkage Technologies (China) Inc.), AsiaInfo Yunghang Software (Beijing) Limited** | रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) | प्रतिवादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३३,४८,१७,४३०.०७ (USD २४,४३,६२०.५०)) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम कायम भएको विगो मध्ये खर्च भएको देखिएको बिगो रू.९,८८,४१,९५६।८५ (USD ७२८,३०८.४९) मुख्य कसूरदारहरुवाट असुल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश वमोजिम प्रतिवादीलाई मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिईएको |

**प्रवक्ता**
**राजेन्द्र कुमार पौडेल**

## तालिका नं. २

## सन् २०११ को मूल सम्झौतामा रहेको Annual Maintenance Contract (AMC) सम्बन्धी प्राबधानमा रहेको बार्षिक ५% छुट सम्बन्धी व्यवस्थाको कार्यान्वयन नगरी नगराई बदनियत राखि एकमुष्ट (४+१) वर्षको (AMC) खरिद गरी गराई हाल सम्म उक्त खरिद सम्झौता वमोजिम भएको भुक्तानीमा देखिएको हिनामिना हानि नोक्सानी विवरण

| क्र.स. | बिवरण | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | | पहिलो बर्ष (20th Sep 2022- 19th Sep 2023) | | | | |
| २. | सन २०११ को सम्झौताको प्राबधान बमोजिम ५% छुट लिई AMC को लागि हुनुपर्ने भुक्तानी (त्रैमासिक रुपमा)(**USD**) (A1) | 887,214.11 | 887,214.11 | 887,214.11 | 887,214.11 | 3,548,856.43 |
| ३. | नेपाल टेलिकमले भुक्तानी गरेको रकम (४+१) वर्षको (AMC) प्रत्येक किस्ता अनुसार(छुट बाहेक) (**USD**) (B1) | 925,000.00 | 925,000.00 | 925,000.00 | 925,000.00 | 3,700,000.00 |
| ४. | **बढी भक्तानी भएको रकम किस्ता अनुसार (USD) (B1-A1=C1)** | **37,785.89** | **37,785.89** | **37,785.89** | **37,785.89** | **151,143.57** |
| ५. | किस्ता भुक्तानी भएको मिति | 4th June 2023 | 4th June 2023 | 27th August 2023 | 17th November 2023 | - |
| ६. | सो मितिको USD को नेपाली रुपैयासँगको दररेट नेपाल राष्ट्र बैकले तोकेको दररेट सो बैंकको वेब साईटबाट लिईएको ।(रु.) (D1) | 132.00 | 132.00 | 132.54 | 133.48 | |
| ७. | नोक्सानी भएको जम्मा नेपाली रुपैया (C1*D1) | 4,987,737.73 | 4,987,737.73 | 5,008,142.11 | 5,043,660.85 | **2,00,27,278.41** |
| | | **दोस्रो बर्ष (20th Sep 2023-19th Sep 2024)** | | | | **जम्मा** |
| १. | सम्झौता बमोजिम ५% छुट लिई हुनुपर्ने भुक्तानी (**USD**) (A2) | 842,853.40 | 842,853.40 | 842,853.40 | 842,853.40 | 3,371,413.61 |
| २. | नेपाल टेलिकमले भुक्तानी गरेको रकम(छुट बाहेक)प्रत्येक किस्ता अनुसार (**USD**) (B2) | 925,000.00 | 925,000.00 | 925,000.00 | 925,000.00 | 3,700,000.00 |
| ३. | **बढी भक्तानी भएको रकम किस्ता अनुसार (USD) (B2-A2=C2)** | **82,146.60** | **82,146.60** | **82,146.60** | **82,146.60** | **328,586.39** |
| ४. | किस्ता भुक्तानी भएको मिति | 10th January 2024 | 15th October 2024 | 15th October 2024 | January17,2025 | |
| ५. | सो मितिको USD को नेपाली रुपैयासँगको दररेट नेपाल राष्ट्र बैकले तोकेको दररेट सो बैंकको वेब साईटबाट लिईएको।(रु.) (D2) | 133.29 | 134.80 | 134.80 | 138.79 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | नोक्सानी भएको जम्मा नेपाली रुपैया (रु.) (C2*D2) | 10,949,319.95 | 11,073,361.31 | 11,073,361.31 | 11,401,126.24 | **4,44,97,168.82** |
| | | **तेस्रो बर्ष (20th Sep 2024- 19th Sep 2025)** | | | | **जम्मा** |
| १. | सम्झौता बमोजिम ५% छुट लिई हुनुपर्ने भुक्तानी (USD) (A3) | 800,710.73 | 800,710.73 | 800,710.73 | 800,710.73 | 3,202,842.93 |
| २. | नेपाल टेलिकमले भुक्तानी गरेको रकम(छुट बाहेक)प्रत्येक किस्ता अनुसार (USD) (B3) | 925,000.00 | 925,000.00 | 925,000.00 | 925,000.00 | 3,700,000.00 |
| ३. | **बढी भक्तानी भएको रकम किस्ता अनुसार (USD) (B3-A3=C3)** | **124,289.27** | **124,289.27** | | | **248,578.53** |
| ४. | किस्ता भुक्तानी भएको मिति | January17,2025 | may 21 2025 | | | - |
| ५. | सो मितिको USD को नेपाली रुपैयासँगको दररेट नेपाल राष्ट्र बैकले तोकेको दररेट सो बैंकको वेब साईटबाट लिईएको। (रु.) (D3) | 138.79 | 137.32 | | | |
| ६. | नोक्सानी भएको जम्मा नेपाली रुपैया (C3*D3) | 17,250,107.42 | 17,067,402.20 | | | **3,43,17,509.63** |
| ७. | जम्मा | | | जम्मा USD ( c1+c2+c3) | | **7,28,308.49** |
| ८. | हाल सम्म भुक्तानी भएको रकममा हानिनोक्सानी भएको USD रकमको भुक्तानी मितिको विनिमय दर अनुसार जम्मा नेपाली रु. | | | | | 9,88,41,956.85 |
| ९. | मूल सम्झौताको प्रावधान विपरीत एकमुष्ट (4+1) को AMC सेवा खरिद गर्दा हानिनोक्सानी भएको जम्मा बिगो USD | | | | | 2,443,620.50 |

## तालिका नं. ३

## सन् २०११ को मूल सम्झौतामा रहेको Annual Maintenance Contract (AMC) सम्बन्धी प्रावधानमा रहेको बार्षिक ५% छुट सम्बन्धी व्यवस्थाको कार्यान्वयन नगरी नगराई बदनियत राखी एकमुष्ट (४+१) वर्षको (AMC) खरिद गरी गराई दायित्व सृजना भई हिनामिना हानिनोक्सानी भएको विवरण

| क्र.स. | हालको सम्झौता अनुसार नेपाल टेलिकमलाई हुने जम्मा हानि नोक्सानी ( तालिका न. ५ मा बिश्लेषण गरे अनुसार) USD | हालसम्म भएको भुक्तानीबाट नेपाल टेलिकमलाई भएको हानि नोक्सानी (तालिका न. १० मा बिश्लेषण गरे अनुसार) USD | सम्झौता अनुसार बाकी भुक्तानी हुँदा हुने हानि नोक्सानी USD | निर्णय भएको मिति २०८२।०२।२३ को USD नेपाली बिनिमय दर (रु.) | सम्झौता बमोजिम नेपाल टेलिकमलाई दायित्व सृजना भई बाकी भूक्तानी गर्दा हुने हानि नोक्सानी (रू.) |
|---|---|---|---|---|---|
| १. | 24,43,620.50 | 728,308.49 | 17,15,312.01 | 137.57 | 23,59,75,473.22 |